

सहायक जिल्ला अधिकारी ज्यूको निरिक्षणमा भएको
सुर्तिजन्य ऐन अनुगमण प्रतिवेदन ~~उक्त~~ ~~कि~~ उक्त कार्यालय प्रमुखज्यूहरुको उपस्थितिको एक समारोह बिच भएको थियो ।

**सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) ऐन २०६८, सो को नियमावली २०६८ को नियम ११ बमोजिम निरिक्षण र अनुगमन गर्न तोकिएको सहायक प्रमुख जिल्ला अधिकारीले पेश गरेको अनुगमन प्रतिबेदन**

१. धूम्रपान तथा सुर्ति सेवन मानब स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानब जीबनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्बसाधारण जनताको स्वास्थ्य, सुबिधा र आर्थिक हितको अभिबृद्धि गर्न सूर्ति जन्य पदार्थको आयात, उत्पादन, बिक्री बितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी ब्यबस्था गर्न वाञ्छनीय भएकोले सूर्ति जन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन २०६८ मिति २०६८ बैशाख २६ गते प्रमाणिकरण भै लागु भएको छ ।
२. सोही ऐनको परिच्छेद ४ को दफा १२ मा अनुसन्धान तथा मुद्दा दायरी गर्ने प्रयोजनका लागि नेपाल सरकारले मातहतको कुनै अधिकृत कर्मचारीलाई निरिक्षकको रुपमा तोक्न सक्ने ब्यबस्था भए मुताबिक जिल्ला प्रशासन कार्यालयका सहायक प्रजिअ लाई निरीक्षकको रुपम । तोकिएको छ ।
३. निरीक्षकले सूर्ति जन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली २०६८ को नियम १५ मा ऐनमा तोकिएको काम कर्तब्य अधिकारका अतिरिक्त तोकिएको निरिक्षकको काम, कर्तब्य र अधिकारमा (दफा १३) निरीक्षकले कसैले ऐन बिपरित सार्बजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा ब्यबस्थापकले यस ऐन बमोजिम गर्नुपर्ने कुराहरु पुरा गरे वा नगरेको सम्बन्धमा निरिक्षण गर्ने अधिकारीले निरिक्षण गरी आफ्नो कार्यक्षेत्रमा बर्ष भरीमा आफूद्वारा गरिएको कामको बिबरण मन्त्रालय समक्ष पेश गर्न तोकिएको छ । यसै ऐन र नियममा गरिएको ब्यबस्था अनुरप सूर्तिजन्य पदार्थको नियन्त्रण नियमन गर्ने तर्फ यस जिल्लामा भएका कार्यहरुका बारेमा संक्षिप्त रुपमा यस समिक्षा कार्यक्रममा जानकारी गराउने अनुमति चाहन्छु ।

## <u>मुख्य मुख्य कार्यहरु</u>

१. २०७१ साल अषाढ महिनाको तेस्रो र चौथो हप्तामा निरिक्षण गरिएका जिल्ला स्थीत सरकारी कार्यालयहरु, बजार क्षेत्र एवम् भैसे, निबुवाटार, भिमफेदी, हटिया र हर्नामाडि गा.बि.स.का मुख्य बजार क्षेत्रमा ऐनको दफा ११ बमोजिमको (१८ बर्ष उमेर नपुगेका ब्यक्ति र गर्भवती महिलालाई) सूर्ति जन्य पदार्थ बिक्री बितरण गरिए/नगरिए बारे सामान्य अवलोकनको माध्यमबाट निरिक्षण गरिएको उल्लिखित बजारका ३/३ वटा पसलमा गरिएको निरिक्षणबाट खासगरी नाबालकहरुलाई सूर्ति जन्य पदार्थ बिक्री बितरण गर्न लगाउन, खुवाउन हुदैन भन्ने सामान्य जानकारी अधिकांश बिक्रेतालाई भएको पाइयो ।
२. यस जिल्लामा सूर्ति जन्य पदार्थ उत्पादन गर्ने उत्पादक कम्पनीहरुले ऐनमा भएको ब्यबस्था कार्यान्वयन गरिएको पाइयो ।
३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हालै आयोजना गरेको सूर्तिजन्य पदार्थबाट मानब स्वास्थ्यमा हुन सक्ने हानी नोक्सानी र यसका परिणाम समेत बिषयमा जानकारी मूलक सुचना तथा सन्देश एफ.एम. तथा अन्य संचार माध्यम मार्फत प्रशारण गर्ने काम भएको छ ।
४. मिति २०७१/३/२२ गते देखि ३० गते सम्म बिभिन्न ३३ वटा सरकारी कार्यालयहरु, होटल र पसल ८ वटा समेत गरी ४१ वटा सार्बजनिक स्थान, सार्बजनिक स्थल भित्र र बाहिर हातामा रहेका चमेना गृह र पसलमा जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय तथा अन्य सरोकारवाला कार्यालय तथा संघसंस्थाका प्रतिनिधि सम्मिलित टोलीबाट निरीक्षण गरियो । यस अवसरमा कुनै पनि सरकारी कार्यालयको हाताभित्र रहेका होटल तथा पसलहरुबाट सूर्ति जन्य पदार्थ बिक्री बितरण गरिएको पाइएन ।

यो ज्यादै सह्रानीय कार्य भएकाले सम्पूर्ण कार्यालय प्रमुख ज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु र यस कुरालाई आगामी दिनहरुमा पनि अनुसरण गर्नु हुनेछ भन्ने आशा र बिश्वास ब्यक्त गर्दछु ।

५. निरिक्षणका क्रममा १८ वटा कार्यालयमा धूम्रपान निषेध भनि लेखिएका पूराना सूचना बोर्ड टाँस गरिएको पाइयो, १५ वटा कार्यालयमा सो बिषयका निर्धारित ढाँचामा सूचना टाँस भएको नपाइएको । कोष तथा लेखा नियन्त्रकको कार्यालय, मकवानपुरमा पर्याप्त मात्रामा निर्धारित ढाँचाको सूचना निर्धारित स्थानमा टाँस गरेको प्रशंसनीय काम भएको पाइयो ।

६. सूचना नै टाँस नभएको बर्गमा १५ वटा कार्यालय रहेको निरिक्षणबाट देखियो । यस्तो अवस्थाका सार्बजनिक स्थलका/कार्यालयका ब्यबस्थापकलाई ऐन नियमको जानकारी गराउने र बितरणमा आएको जानकारी मुलक पर्चा बितरण गरियो ।।

७. सूचना बोर्ड नरहेका वा सूचना नै टाँस नभएका कार्यालयमा सूचना बोर्ड र जानकारी मुलक पर्चा बितरण गरियो र अव देखि सूचना बोर्ड टाँस गर्न र सोको परिपालना गर्न गराउन आबश्यक सुझाब दिइयो ।

८. सार्बजनिक स्थलमा (कार्यालयमा) सूर्तिजन्य पदार्थ सेवन गरे बापत हुने कारबाही बारे जानकारी गराइएको र जनस्तरमा पनि सोको चेतना फैलदै गएको कारणले सुर्तिजन्य पदार्थ सेवन गर्ने घटना नभएको र कारबाही पनि गर्नु नपरेको ब्यबस्थापकहरुबाट जानकारी प्राप्त भयो ।

९. सुर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने कार्यलाई भाबी दिनमा अझ ब्यापक रुपमा सञ्चालन गर्नु पर्ने, खासगरी सिनेमा हल, औद्योगिक प्रतिष्ठानहरु, पर्यटकिय होटल बाहेकका होटल, मोटल, रिसोर्ट, भोजनालय, चमेनागृह, लज, अतिथि गृह, सार्बजनिक सवारीका प्रतिक्षालयमा यस कार्यलाई अभियानको रुपमा सञ्चालन गर्नु पर्ने आबश्यक्ता देखिएको छ । यसको लागि सरोकारवाला कार्यालय, संघ-संस्थाहरुको समुन्वय र सहकार्यमा सूतिजन्य पदार्थहरुको प्रयोग न्यूनिकरण, नियन्त्रण गर्न, कानुनमा तोकिएका सर्त एवं मापदण्डहरु कार्यन्वयन गर्न गराउन बार्षिक कार्य योजना तयार गरी प्रचार प्रसार लगायत प्रभाबकारी अनुगमन र निरिक्षण कार्यलाई अगाडि बढाउन जरुरी भएकाले यस तर्फ सबै सरोकार बर्गको सहयोग र सहकार्यमा आगामी कार्यक्रमहरु निर्माण एवं कार्यान्वयन गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु ।

*आजको यस समिक्षा कार्यक्रममा प्रमुख अथिति सम्धेय श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू लगायत सम्पुर्ण कार्यालय प्रमुख ज्यूहरुको उपस्थिति र सहभागिताको लागि हार्दिक आभार ब्यक्त गर्दै आगामी दिनमा यो सहयोग समन्वय र सहकार्य अझ प्रभाबकारी हुने बिश्वास राख्दै बिदा हुने अनुमती चाहन्छु ।*

धन्यवाद ।

**निरिक्षक**

मिती : २०७०/०३/३२

चन्द्र बहादुर कार्की
सहायक प्र.जि.अ.,मकवानपुर
आ.ब.२०७१/७२


सूर्तिजन्य पदार्थ नियन्त्रण तथा
नियमन सम्बन्धि कार्यालय
प्रमुखहरुको समिक्षा बैठक



